लेखापरीक्षण प्रतिवेदन

सिमकोट गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सिमकोट गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२५

च.न :DRAFT/FAR/2081-82/LOC/100

श्री अध्यक्षज्यू

सिमकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

हुम्ला ।

विषय-**लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।७।११ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।

(टिकाराम श्रेष्ठ)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२५

च.न :DRAFT/FAR/2081-82/LOC/100

श्री अध्यक्षज्यू,

सिमकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

हुम्ला ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

१. कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको लेखापरीक्षणबाट रु.७६ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले प्रमाण कागजात पेस गर्नुपर्ने रू.९६ हजार र नियमित गर्नुपर्ने रू.७५ लाख ९६ हजार गरी जम्मा रु.७६ लाख ४२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.९ करोड ५ लाख १६ हजारमध्ये रु.१ करोड ६५ लाख ४१ हजार फर्स्योट भई हालसम्म अद्यावधिक बेरुजु रु.८करोड १६ लाख १७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३८	४	७६,४१,९१७	०	०	०	०	३८	४	७६,४१,९१७	०	७५,४५,९१७	९६,०००	०	०	७६,४१,९१७	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
हुम्ला	९,०५,१५,५७१	0	१,६५,४०,८४१	७,३९,७४,७३०	0	७६,४१,९१७	८,१६,१६,६४७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१		सिमाभन्दा बढीको उपभोक्ता समितिबाट खरिद	१,००,००,०००
२	२०८०/८१		बढी भुक्तानी	७६,८७९
३	२०८०/८१		फरक शिर्षकमा खर्च	२,०७,०६३
४	२०८०/८१		पेश्की बाँकी	३२,५४,००१
५	२०८०/८१		पाठ्यपुस्तक अनुदान	२९,५३५

६	२०८०/८१		कर्मचारी कल्याण कोष	२३,००,०००
७	२०८०/८१		आन्तरिक लेखापरीक्षण प्रतिवेदन	३,८५,६८४
८	२०७९/८०		मानसरोवर नमुना विद्यालय	२,८७,६७९
जम्मा				१,६५,४०,८४१

सिमकोट गाउँपालिका, हुम्ला

(८०६६४५०७३००)

सिमकोट गाउँपालिका , हुम्ला

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस सिमकोट गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्वेश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, २४२० वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या ६००० रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०३ देखि २०८२।०५।०६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय - व्ययतर्फ रू.१ अर्ब १६ करोड २२ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८६ हजार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	कक्षा ८ को आधारभुत परीक्षा संचालनमा बढी प्रश्नपत्र छपाई वापत । (भौचर नं, ८६७७३१३४ कारोवार संकेत २०८२-२१९२६१६ दाखिला मिति २०८२।५।३१)	२६५२०
२	आव २०८१।८२ को सैपाल माविको पाठयपुस्तक तर्फ बढी निकासा दाखिला । (भौचर नं, ८६७३९४९९ कारोवार संकेत नं.२०८२। २१६४१३५ दाखिला मिति २०८२।५।३०)	११९६०
3	आ.व. २०८१।८२ मा गाउँपालिकाबाट सुत्र सिष्टममा कर दाखिला गर्न बाँकी रहेको दाखिला । (भौचर नं. ८६२४८२५४ कारोवार कारोवार संकेत नं.२०८२। १७४२३८१ दाखिला मिति २०८२।५।१५)	१७१५
४	मैनासरा शाहीबाट दाखिला २०८२।५।३१ (आन्तरिक राजस्व खातामा दाखिला) कर वापत	१९१४०
5	उपभोक्ता समिति वडा भवन निर्माण (दाखिला मिति २०८२।६।२)	२६९४६
	जम्मा	८६२८१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।गाउँपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा लेखानीति तथा टिप्पणी एवं अनुसूचीहरू खुलासा गरेको छैन । यसमा सुधार हुनु पर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः-

२.१ **एकिकृत आय व्यय :**

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	बिबरण	**रकम**	**रकम**		**बिबरण**	**रकम**	**रकम**
१	**बैंक मौज्दात**		**३३३७७८३४**	१	**चालू खिर्च**		**३२२४३३४१८**
	संचित कोषखाता	२५४६३३०३			आन्तरिक श्रोत	१४६६५८१०	
	धरौटीखाता	४१७५३०८			नेपाल सरकार समानीकरण अनुदान	४१९४७११७	
	प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह	७२३९३०			नेपाल सरकार सशर्त अनुदान	१८३९२७६७२	
	विविध खर्च खाता /कोष-बैंक (ग २-७)	३०१५२९४			प्रदेश सरकार सशर्त अनुदान	२६३९२२०	
२	**राजस्व**		**८७६३०५०४**		राजस्व बाँडफाड संघीय सरकार तर्फ	७९२५३५९९	
	आन्तरिक राजस्व	४२११६९६		२	**पुजीगतखर्च**	०	**१०९१४७६६४**
	राजस्व बाँडफाँड - प्रदेश सरकार	७४२६९५			आन्तरिक श्रोत	१२००००	
	राजस्व बाँडफाँड - संघीय सरकार	८२६७६११२			नेपाल सरकार समानीकरण अनुदान	२८४७३६७५	
३	**संघिय सरकार अनुदान**		**३१४७१४३०१**		नेपाल सरकार सशर्त अनुदान	२६९३१६९३	
	बितिय समानीकरण	८६१६२६४०			प्रदेश सरकार समपुरक अनुदान	३७९८९७७	
	सशर्त अनुदान चालु	१९६३६२०००			प्रदेश सरकार सशर्त अनुदान	४४१०१३८८	
	शसर्त अनुदान पुजिगत	२७५१८०००			विशेष अनुदान पुँजीगत	४६५११९७०	
	विशेष अनुदान पुँजीगत	४६७१६६१			राजस्व बाँडफाड संघीय सरकार तर्फ	१०६९९६१	
४	**प्रदेश सरकार अनुदान**		**५९१२४०००**	३	**अन्तरसरकारी अख्तियारी-संघीय सरकार**	०	**११६७०१४२७**
	बितिय समानीकरण	१०३७४०००			३२५०११०६ पर्यटन पुर्वाधार विकास आयोजना	१५०४५७०९	
	सशर्त अनुदान	४८७५००००			३५०००१०८ विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्रस्तर	६६००००	
३	**अन्तरसरकारी अख्तियारी-संघिय सरकार**		**११६७०१४२७**		३५०००५०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	६०००००	
	३२५०११०६ पर्यटन पुर्वाधार विकास आयोजना	१५०४५७०९			३६५००११६ स्थानीय पुर्वाधार सहयोग कार्यक्रम	२१९७१५४५	

	३५०००१०८ विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्रस्तर	६६००००			३७०००११४ स्वास्थ्य सुधार कार्यक्रम	४०४५८२६	
	३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	६०००००			३६५००१११ उच्च पहाड एवम हिमालि क्षेत्र समृद्धि कार्यक्रम	३४७८३८१	
	३६५००११६ स्थानीय पुर्वाधार सहयोग कार्यक्रम	२१९७१५४५			सामाजिक सुरक्षा तथा संरक्षण[३१४०१०१२३]	७०५६२४६६	
	३७०००११४४ स्वास्थ्य सुधार कार्यक्रम	४०४५८२६			३७०००११४४ स्वास्थ्य सुधार कार्यक्रम	३३७५००	
	३६५००१११ उच्च पहाड एवम हिमालि क्षेत्र समृद्धि कार्यक्रम	३४७८३८१		४	**अन्तरसरकारी अख्तियारी-प्रदेश सरकार**	**०**	**८४००००**
	सामाजिक सुरक्षा तथा संरक्षण[३१४०१०१२३]	७०५६२४६६			आन्तरिक मामिला तथा कानुन मन्त्रालय	८४००००	
	३७०००११४४ स्वास्थ्य सुधार कार्यक्रम	३३७५००			**विविध ग २ ७ आन्तरीक**		**६९८४३५८**
४	**अन्तरसरकारी अख्तियारी-प्रदेश सरकार**		**८४००००**	५	**प्रकोप ब्यबस्थापन कोष खातामा खर्च**		**२१२५००**
	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	८४००००		६	**बिभिन्न व्यक्ति/फर्म/ संस्थाको धरौटी फिर्ता**		**१६९४२८०**
५	**विविध खर्चखाता /कोष-बैंक (ग २-७)**		**८८३४३१३**	७	**एकल कोष खातामा खर्च नभई बाँकी भएको सशर्त अनुदान**	**०**	**१५०४९७१८**
	अन्यसंस्थावाट प्राप्त अनुदान	८८३४३१३			संघीयसरकार सञ्चित कोष खातामा दाखिला	१३०४०३२६	
६	**स्थानीय तह आकस्मिक कोष खाता-ग-७**		**८२५००**	८	प्रदेशसरकार सञ्चित कोष खातामा दाखिला	२००९३९२	
	प्रकोप ब्यबस्थापन कोष खातामा खर्च	८२५००			**अन्तिम मौज्जात (बचत रकम)**	**०**	**४९५२८४८३**
७	**बिभिन्न व्यक्ति/फर्म/ संस्थाबाट**		**१२८६९७०**		संचित कोष खाता	४०३०१३०७	
					धरौटी खाता	३७६७९९८	
					प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह	५९३९३०	
					बिबिध खर्च खाता/कोष-बैंक (ग २-७)	४८६५२४८	
	जम्मा रु.		**६२२५९१८४८**		**जम्मा रु.**		**६२२५९१८४८**

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन अनुसूचीमा संलग्न छ।

२.३ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ। स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्नेमा सामाजिक सुरक्षातर्फ रू. ७०५६२४६५.७० स्वास्थ्य सुधार कार्यक्रम चालूतर्फ रू. ३३७५००/-, उच्च पहाड एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रमतर्फ रू.३४७८३८१/-,पर्यटन पुर्वाधार विकास आयोजना,रू.१५०४५७०९।,विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्रस्तर, रू. ६६००००/-, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, ६०००००/-, स्थानीय पुर्वाधार सहयोग कार्यक्रम, रू.२१९७१५४५/- स्वास्थ्य सुधार कार्यक्रम, रू. ४०४५८२६/- समेत रु ११६७०१४२६/७ एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा समावेश भएको छैन । तसर्थ गाउँपालिकाको सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **धरौटी, आकस्मिक कोष, अन्य कोषको मौज्दात थप/घटः-** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानी को एकीकृत वार्षिक प्रतिवेदनमा धरौटी लगायत अन्य कोषको आम्दानी र खर्च समेटेको देखिदैन । धरौटी, आकस्मिक कोष लगायत अन्य कोषको मौज्दात थप/घट भनि समावेश मात्र गरेको छ ।बैंक तथा स्रेस्ता अनुसार मौज्दातमा रू ९२२७१७५.९० हुनु पर्नेमा रू (२०२५६६६.४८) मात्र देखीएकोले घटि देखिएको रकम रू. ११२५२८४२.३८ को हिसाब यकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२.५ **मौज्दात फरकः-** गाउँपालिकाको म.ले.प.फा.नं. २७० मा रू ३,६७,१६,१४५.०० जिम्मेवारी अ.ल्या. सारेको देखिएको छ । गाउँपालिकाले म्यानुअल रूपमा एकीकृत आ.वि. तयार गरी लेखापरीक्षणकोलागि पेश गरेकोमा गत वर्षको जिम्मेवारी रू ३३३७७८३४.०० देखाएको कारण समग्रमा रू. ३३३८३११.०० घटी जिम्मेवारी सारेकोले हिसाब समायोजन गरी हिसाव मिलान गरेको देखिएन । जिम्मेवारी फरक परेको कारण सहित हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

२.६ **फरक हिसाबः** गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र गाउँपालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । फरक हिसाब सम्बन्धमा यकिन गर्नु पर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	३६७१६१४५.००	४४२६४१४९८.००	४३१५८१०८२.००	४७७७६५६१.००
एकीकृत आर्थिक विवरणअनुसार	३३३७७८३४.००	५८९२१४०१४.००	५७३०६३३६५.००	४९५२८४८३.००
फरक	३३३८३११.००	(१४६५७२५१६.००)	(१४१४८२२८३.००)	(१७५१९२२.००)

२.७ **खर्च बिश्लेषणः-** गाउँपालिकाको यस वर्ष कुल आन्तरिक आयबाट रू. ४२११६९६.३३ राजस्व बाँडफाँड र अनुदान (अन्तरसरकारी अख्तियारी बाहेक) बाट रू.३८२८४८६०६।९५ समेत रू. ३८७०६०३०३।२८ आम्दानी भएकोमा चालु तर्फ रू. ३२,२४,३३,४१८.०१ र पुँजिगत तर्फ रू.१०९१४७६६४। समेत रू. ४३१५८१०८२.०१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू.६६७१६५०/-खर्च भएको छ जुन आन्तरिक आयको १५८.४० प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.७० प्रतिशत चालु र

२५.२९ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

२.८ **दुई लेखाव्यवस्थापन गर्ने सफ्टवेयर प्रणालीः-** एउटा कार्यालयमा एक लेखा सफ्टवेयर प्रणाली हुनुपर्दछ र यदि एक भन्दा बढी लेखा सफ्टवेयर प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा सफ्टवेयर प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनु पर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। गाउँपालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै सफ्टवेयर प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वियन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्च समेत यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमाा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा समावेश हुन नसक्ने देखियो । सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई सफ्टवेयर प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाव्यवस्थापन गर्ने सफ्टवेयर प्रणाली लागू गर्नुपर्ने र दुई लेखाव्यवस्थापन गर्ने सफ्टवेयर प्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था हुनुपर्दछ ।

३ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वयन गर्न मिति २०७८।०८।१३ मा परिपत्र गरेको छ ।हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन ।जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधार हुनु पर्दछ ।

४ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार अन्तर्गत पञ्जिकरण सम्वन्धी व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

क्र.स	विवरण	संख्या
१	नागरिकता सिफारिस	३२०
२	घरबाटो सिफारिस	१०
३	नाता प्रमाणित	५२
४	जन्म दर्ता	५२२
५	मृत्यु दर्ता	९७
६	सम्बन्ध विच्छेद	२
७	विवाह दर्ता	११९
८	बसाईसराई	७४

सेवा प्रवाह लाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउन गाउँपालिकाले प्रविधि मैत्री प्रणालीमा ध्यान दिनुपर्दछ ।

५ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धि विवरणमा कुल दरबन्दी संख्या ४५ रहेकोमा स्थायी २६ तथा करार ५५ जना (सामुदायिक स्वास्थ्य आधारभुत स्वास्थ्य केन्द्र र गाउँपालिका तथा वडास्तरका कार्यालय सहयोगी समेत) कार्यक्रम तर्फ २५ जना गरी जम्मा १२५ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ। कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि ओ एण्ड एम गरी कर्मचारी व्यवस्था गरिनुपर्दछ ।

६ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रू ६५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू ४२ लाख ११ हजार अर्थात अनुमान भन्दा ३५.२२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७ **खर्चमा आन्तरिक आयको प्रतिशत**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४३१५८१०८२.००	४२११६९६.३३	०.९८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **क्षेत्रगत वजेट**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) (ख) मा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने र सोही

दफाको ३ (घ) मा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने व्यवस्था छ । गाउँपालिकाको क्षेत्रगत रूपमा बजेट रू. ५० करोड ७३ लाख ३८ हजार रहेकोमा खर्च रू. ४३ करोड १५ लाख ८१ हजारको खर्च भई समग्र रूपमा ८५.०७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्चको स्थति निम्नानुसार रहेको छ ।

क्र स	क्षेत्रगत बजेट	बजेट	खर्च रकम	खर्च प्रतिशत
१	आर्थिक विकास	३४८९०९९७.००	२९२२०२८०.९६	६.७७
२	सामाजिक विकास	२७२६९३३००.००	२५२९०५६४५.६०	५८.६१
३	पूर्वाधार विकास	६३७४५२०३.००	४६६७०२०३.००	१०.८१
४	सुशासन विकास	५०६९०००.००	२८९९८०४.००	०.६७
५	कार्यालय संचालन तथा प्रशासनिक	१३०९४०२७७.६४	९९८८५१४८.४५	२३.१४
जम्मा		५०७३३८७७७.६४	४३१५८१०८२.०१	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासतर्फ सबैभन्दा बढी ५८.६१ प्रतिशत र सुशासन विकासतर्फ सबै भन्दा घटी ०.६७ प्रतिशत रहेको छ । यसरी हेर्दा गाउँपालिकाको सुशासन विकास तर्फ बजेट न्युन रहेको देखिन्छ । कार्यालय संचालन तथा प्रशासनिक तर्फ कुल खर्चको २३.१४ प्रतिशत खर्च भएको देखिन्छ । गाउँपालिकाले सबै क्षेत्रमा समानुपतिक हुने गरी बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ ।

९ त्रैमासिक पूँजीगत खर्च

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नु पर्ने र त्रैमासिक लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

बजेट	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)			
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक
१३८४५२	१०९१४८	३८४२	१३७१७	८७८३	८२८०६
खर्च प्रतिशत	७८.८३	३.५२	१२.५७	८.०५	७५.८७

गाउँपालिकाको पुँजिगत तर्फ रू १० करोड ९१ लाख ४८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा ३८ लाख ४२ हजार (३.५२ प्रतिशत), दोस्रो त्रैमासिकमा रू १ करोड ३७ लाख १७ हजार (१२.५७ प्रतिशत), तेस्रो त्रैमासिकमा रू ८७ लाख ८३ हजार (८.०५ प्रतिशत) र चौथो त्रैमासिकमा रू ८ करोड २८ लाख ६ हजार (७३.८७ प्रतिशत) खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० कानून तर्जुमाको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५६ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म वटा १५ ऐन, ४१ वटा कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ५६ वटा कानूनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छ ।

११ भ्रमण तथा अनुगमन, मूल्यांकन खर्च

भ्रमण खर्च नियमावली २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि को १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरूवा बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ।गाउँपालिकाले कुन कुन वडामा जादा कति कोष हुन्छ भनि प्रमाणित नगरि वडामा जादा आउदा भ्रमण भत्ता पाउने गरि भुक्तानी गरेको देखिन्छ ।गाउँपालिकाको चालु खर्च तर्फ भ्रमण खर्चमा रू. ३६९२३८०/- र अनुगमन खर्च रू ४४०००/- समेत रू ३७३६३८०/- भुक्तानी गरेको देखिन्छ । पालिकाले कति कोष टाढा हो भनि प्रमाणित गरी भ्रमण खर्च दिनुपर्दछ । २० किलोमिटर भन्दा कम दुरिमा दैनिक भ्रमण भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, नियमानुसार भ्रमण अभिलेख खाता नरहेको, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ । कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता कायम गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारी तथा कर्मचारीले ध्यान दिनुपर्दछ ।

१२ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरियसन लगायतको जानकारी उपलब्ध हुन्छ ।गाउँपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

१३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले वडा कार्यालयहरूको खर्च, चिया/खाजा/अतिथिसत्कार, कार्यक्रम संचालन भएको प्रमाण, उपस्थिति लगायतका प्रमाण संलग्न गरी विभिन्न समयमा भएको विविध खर्च शीर्षकबाट रू. ३६९२०००.०० खर्च गरेको देखियो । गाउँपालिकाको आन्तरिक आम्दानी रू. ४२११६९६.३३ भएको अवस्थामा आम्दानीको ८७.६६ प्रतिशत बढी खर्च लेखेको छ । गाउँपालिकाले बिबिधबाट खर्च गर्दा मितव्ययीता तर्फ ध्यान दिनु पर्दछ ।

१४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीयतहको वित्तीय समानिकरण अनुदान रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले यस वर्ष रू १३००००/- आर्थिक सहायता वितरण गरेका पाइयो । बित्तिय समानिकरणबाट आर्थिक सहायता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नु पर्दछ ।

१५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरणअनुसार गाउँपालिका भित्र २० वटा सहकारी संस्था रहेका छन् । गाउँपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१६ **गत विगतको पेश्कि वाँकि**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने तथा फस्र्यौट गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार गत विगत वर्षको उपभोक्ता समितको म्याद नाघेको पेश्की बाँकी रू २३९९८२६/- देहाय अनुसार रहेको छ । गाउँपालिकाले गत विगतको पेश्कीको लगत अद्यावधिक गरी समयमा पेश्कि फस्र्यौट गर्नुपर्दछ ।

क्र.सं.	पेश्कीको विवरण	पेश्की लिने	म्याद नाघेको	म्याद ननाघेको	जम्मा
१	सांस्कृतिक लुजगेनी तथा प्रकाशन	का.स. झ्याल बहादुर कामी	५०००००/-		५०००००/-
२	सुरक्षित आवस कार्यक्रम कर्णाली प्रदेशको हुम्ला जिल्ला क्षेत्र नं. १ अन्तर्गत सीमकोट गाउँपालिका ७६ वटा	सुरक्षित आवास सिजिएल सिट खरीद, उपभोक्ता समिति	१८९९८२३/-		१८९९८२३/-
		जम्मा	२३९९८२६/-		२३९९८२६/-

१७ **सामाजिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सामाजिक परीक्षण गरी गाउँपालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१८ **उपभोक्ता समितिः**

गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका योजनामा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समितिमार्फत गरेको अवस्था देखिएको छ । कानुनको परिपालना गरी निर्माण कार्य गरिनुपर्दछ ।

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	स्रोत	विनियोजन	खर्च
१	स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत	९३००००	९२८५३१९
२	केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत	७२०००००	७२०००००
३	सहिद स्मृति प्रतिष्ठान भवन निर्माण	कर्णाली प्रदेश - शसर्त अनुदान चालु	५००००००	५००००००
४	लामा सास्कृतिक मञ्च संग्राहलय भवन निर्माण सिमकोट	कर्णाली प्रदेश - शसर्त अनुदान चालु	५००००००	४९७६४०९
५	स्वास्थ्य सस्था सुमधार कार्यक्रम । (ठेहे र डाँडाफया स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टर भवन निर्माण)	नेपाल सरकार - विषेश अनुदान पुँजीगत [आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)]	५००००००	४६५१९७०
६	भोखाडा सडक निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	७००००००	४०२८२५६
७	मानसरोबर मा. वि. भवन निर्माण पुरानो तथा क्रमागत	नेपाल सरकार - समानिकरण अनुदान	३३०००००	३३०००००
८	वडा भवन निर्माण सिमकोट -३, हुम्ला	नेपाल सरकार - समानिकरण अनुदान	६००००००	३१५४१०६
९	जिल्ला आँखा अस्पताल अप्रेसन तथा स्टाफ भवन निर्माण सिमकोट-५, हुम्ला	कर्णाली प्रदेश - शसर्त अनुदान चालु	३००००००	२८९१९१८
	जम्मा		५०८०००००	४४४८७९७८

१९ राजस्वको अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुरुप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।गाउँपालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यक महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरू अद्यावधिक गरी राजस्वको हिसाब राख्नु पर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले.प.फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तीको बैंक नगदि किताब म.ले.प.फा.नं.१०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प.फा.नं ११० लगायतका राजस्वको श्रेस्ताहरू अभिलेख राखेको पाइएन । आन्तरीक आय रू ४२११६९६.३३ प्राप्त भएकोमा प्राप्त राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । गाउँपालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नु पर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

२० प्रधानमन्त्री रोजगार

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी

सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरी उनिहरूलाई रोजगारको अवसर प्रदान गरी उनीहरूको आर्थिक विकासमा सहयोग पुर्याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन । कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ । स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ । यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा घोरेटो बाटो निर्माण कार्य तथा पर्यटन पदमार्ग निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६९ जना लाई ६६९.८ दिन रोजगारी उपलव्ध गराई रु ५६१८४४०.०० खर्च गरेको छ । लक्षित वर्ग लाई औषत दिन ९.७ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नुपर्दछ ।

क्र.सं.	आयोजानाको नाम	विनियोजित बजेट	भुक्तानी रकम	संलग्न कामदारको संख्या	औषत दिन	वित्तिय प्रगतीप्रतिशत	भौतिक प्रगती
१	गुम्बा देखि खोला सम्म ढल र ठेहे देखि विङ्गच्याटल्की सम्म घोरेटो बाटो वडा नम्बर १	५५२०००.००	४९६८००.००	६.००	९०.००	९०.००	१००.००
२	राताढुङ्गा प्याम्पेख सडक देखि ग्याग्रु सम्म घोरेटो बाटो वडा नम्बर २	११९६०००.००	११००३२०.००	१३.००	९२.००	९२.००	१००.००
३	बाकाचाल्न देखि छातेक सम्म घोरेटो बाटो निर्माण योजना वडा नम्बर ३	५५२०००.००	५१८८८०.००	६.००	९४.००	९४.००	१००.००
४	स्याम्ने बगैचा निर्माण तथा स्याकी देखि कोङ्गदाङ्सम्म घोरेटो बाटो निर्माण योजना वडा नम्बर ४	८२८०००.००	३६३४००.००	५.००	४३.००	४३.००	१००.००
५	धारापोरी तिरपित देखि पाम्लाथुङ्ग सम्म घोरेटो बाटो निर्माण योजना वडा नम्बर ७	९२००००.००	६०७२००.००	१०.००	६६.००	६६.००	१००.००
६	लेखचौर नर्केनी देखि छोपाखोरसम्म घोरेटो बाटो निर्माण योजना वडा नम्बर ६	५५२०००.००	५१३३६०.००	६.००	९३.००	९३.००	१००.००
७	जबुका देखि ओलखोला सम्म घोरेटो बाटो निर्माण योजना वडा नम्बर ७	११९६०००.००	११००३२०.००	१३.००	९२.००	९२.००	१००.००
८	थलहाल्न देखि दुधेदहसम्म पर्यटन पदमार्ग निर्माण योजना वडा नम्बर ८	९२००००.००	९१८१६०.००	१०.००	९९.८०	९९.८०	१००.००
	जम्मा	६७१६०००.००	५६१८४४०.००	६९.००	६६९.8	८८.२०	

२१ तलवी प्रतिवेदन

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८०, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू.१६८९४८०३/-र गाउँपालिकाका तर्फ रू ११५३५७८४/- समेत रू.२८४३०५८७/- खर्च

लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२२ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यसवर्ष पालिकाले समानिकरण अनुदानबाट रु ९ लाख ५३ हजार , र संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रमबाट रु ९ लाख७६ हजार ५०० समेत जम्मा रु १९ लाख २९ हजार ५०० को औषधी खरीद गरेको देखिन्छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन । आपूर्ति भएका औषधि एवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर यकिन गर्न सकिएन । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणकोको छाप उल्लेख रहेको देखिदैन । पालिकाबाट खरिद गरिएका निम्नानुसारका केही औषधीहरुको म्याद १८ महिना भन्दा कम देखिएकाले आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याज नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने व्यबस्था मिलाउनु पर्दछ ।

भौ.नं. मिति	औषधी नाम	संख्या	रकम	दाखिला मिति	म्याद समाप्त हुने मिति
९२-२०८१।१०।०१	Magnesium Sulphate	८००	२१२००	२०८१।०९।१५	२०८२।०१।१७
९२-२०८१।१०।०१	Oxytocin Sunit	५००	१५५००	२०८१।०९।१५	२०८२।०७।१५
९२-२०८१।१०।०१	Vitamin K	२००	७०००	२०८१।०९।१५	२०८२।१०।२८
१५५-२०८२।०४।०१	UPT Test Kit	५००	२००००	२०८१।०९।१६	२०८२।०४।१७
१५५-२०८२।०४।०१	Syp Cefixime 500	१००	१३५००	२०८१।०९।१६	२०८२।०७।२६
जम्मा			७७२००		

२३ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि रु. २५।- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र तेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधारमानी कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत यस वर्ष २१ वटा विद्यालयहरुलाई रु ७९ लाख ८५ हजार २५० दिवा खाजा वापतको रकम निकासा गरेको पालिकाले पेश गरेको बिवरणबाट देखिन्छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरेको, विद्याथीहरुको दैनिक हाजिरी तथा खर्चको विल भरपाई समेत पेश भएको छैन। अतः गाउँपालिकाले तोकिएको मापदण्ड अनुसारको मात्रा, पोषण सुनिश्चितको अनुमगन गरी प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई आधारमानी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

२४ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरवन्दीको आधारमा सामुदायिक विद्यालयहरुमा रहने शिक्षक दरवन्दी अनुसूची -१२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) (११) मा सामुदायिक विद्यालयहरुको शिक्षक तथा दरवन्दी मिलान सम्वन्धी व्यवस्था रहेको छ । पालिकाबाट उपलब्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी			पदपूर्ति			बिद्याथी संख्या
		स्थायी	करार	राहत	स्थायी	करार	राहत	ECD
१	श्री मानसरोवर मा.वि.सिमकोट-६	११	१४	१	१०	१४	१	०
२	श्री बालमन्दिर मा.वि.सिमकोट-५	१०	२	३	१०	२	३	२
३	श्री रलिङ मा.वि.सिमकोट-३	७	१	५	७	२	५	२
४	श्री रामदेव मा.वि.सिमकोट-२	९	४	१	८	४	१	१
५	श्री कैलाश मा.वि.सिमकोट-७	६	५	१	६	५	१	५
६	श्री कर्णाली मा.वि.सिमकोट-७	१०	२	१	८	२	१	२
७	श्री सैपाल हिमाल मा.वि.सिमकोट-८	६	५	१	६	५	१	२
८	श्री चाङला हिमाल आ.वि.सिमकोट-१	३	०	०	३	०	०	१
९	श्री कालाशिल्ता आ.वि.सिमकोट-१	०	३	०	०	३	०	१
१०	श्री पञ्चमुखी हिमाल आ.वि.सिमकोट-२	५	०	०	५	०	०	३
११	श्री महाकाल आ.वि.सिमकोट-३	१	०	०	१	०	०	०
१२	श्री सिद्धार्थ आ.वि.सिमकोट-४	५	०	०	५	०	०	१
१३	श्री बालविकास आ.वि.सिमकोट-४	४	०	०	४	०	०	१
१४	श्री जनज्योति आ.वि.सिमकोट-४	१	०	०	१	०	०	०
१५	श्री भीमसेन आ.वि.सिमकोट-५	४	०	१	४	०	१	३
१६	श्री हिमाली बहिरा आ.वि.सिमकोट-५	३	०	०	३	०	०	१
१७	श्री कालाशिल्ता आ.वि.सिमकोट-६	५	०	०	५	०	०	२
१८	श्री सर्किदेउ आ.वि.सिमकोट-७	१	०	०	१	०	०	१
१९	श्री दोभान आ.वि.सिमकोट-७	१	०	०	१	०	०	१
२०	श्री बलभद्र आ.वि.सिमकोट-८	३	२	०	३	०	०	२
२१	श्री कान्ती आ.वि.सिमकोट-८	३	२	२	३	०	२	१
जम्मा		९८	४०	१६	९४	४०	१६	३२

यस पालिकाका २१ विद्यालयहरुमा स्थायी दरवन्दी ९८ रहेकोमा ९४ पदपूर्ति रहेको छ भने करार, राहत र इसिडिमा क्रमश ४०, १६ र ३२ जना शिक्षक नियुक्त गरी पठनपाठन संचालन गरेको छ । विद्यालयहरूमा IEMIS अभिलेख अनुसार कुल विद्यार्थी सख्या ३४४८ रहेको देखियो । सामुदायिक विद्यालयहरूमा दरबन्दी तथा विद्यार्थि संख्या अनुपातको आधारमा शिक्षक पदपूर्ति भई पठनपाठनको व्यवस्था हुनुपर्दछ ।

२५ शिर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित बजेट रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानि नोक्सानी हुने वा सरकारी कामा बाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यसरी खर्च भएको रकम नियमित गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्च शिर्षक फरक पारी निम्न कार्यमा रू २४५९१७ खर्च लेखेको छ ।एक उपशीर्षकमा

विनियोजित बजेट के कति नपुग हुने हो यकिन नै नगरी के कति कारणले अर्को उपशीर्षकमा विनियोजित बजेट रकमबाट खर्च गर्नु परेको हो कारण समेत नखुलाई एउटा उपशीर्षकबाट गर्नुपर्ने खर्च अर्को उपशीर्षकबाट गरेकोले सो खर्च नियमसम्मत नदेखिएको रू.

क्र.सं.	गो.भौ.नं./मिति	बिवरण	भुक्तानी भएको शिर्षक	भुक्तानी हुनु पर्ने शिर्षक	रकम
१	२७६-०८१/०९/२०	परीक्षा संचालन व्यवस्थापन समितिको बैठक	राष्ट्रपति रनिङ्ग सिल्ड तथा अन्य खेलकूद	बैठक भत्ता	४३५००
२	२७८-०८१/०९/२०	उत्तरपुस्तिका परीक्षकको भुक्तानी	राष्ट्रपति रनिङ्ग सिल्ड तथा अन्य खेलकूद	अन्य भत्ता	९२७९७
३	३३८-०८१/१०/०२	ग्रेट सिट लेजर सर्टिफिकेट छपाई	राष्ट्रपति रनिङ्ग सिल्ड तथा अन्य खेलकूद	कार्यालय संचालन	९९१२०
४	५०५-०८२/०१/२९	प्लाष्टिक वोरा र रेनकोट खरीद	इन्धन	कार्यालय संचालन	१०५००
				जम्मा	२४५९१७

अनियमित भएको	२,४५,९१७

२६ समानीकरण अनुदानबाट आर्थिक सहयोग

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ ले स्थानीय तहलाई वित्तय समानिकरण अनुदान उपलब्ध गराउने व्यवस्था छ ।स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धि निर्देशिका २०७४(२.५) मा स्थानिय सम्भावनालाई ख्याल गर्दै स्थानिय तहको श्रोत परिचालन गर्न योगदान पुर्‍याउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो व्यवस्था अनुसार विकास निर्माणमा कार्यमा मात्र खर्च गर्नु पर्नेमा निम्नानुसार चालू प्रकृतिको अवलोकन भ्रमण र छपाई कार्यमा रू १४२२२३०/- खर्च गरेको छ।बित्तिय समानिकरणबाट यस्ता चालू प्रकृतिका खर्च गर्ने कार्यलाई नियत्रन्ण गर्नु पर्दछ ।

क्र.सं.	गो.भौ.नं./मिति	विवरण	रकम
१	७२१-०८२/३/२०	सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभ ग्राहीहरूको परीचयपत्र छपाई	१७२२३०/-
२	८५०-०८२/०३/३०	पदाधिकारी अध्ययन तथा अवलोकन भ्रमण २०८१ माघ ४ देखि माघ १४ सम्म तिलोतमा नगरपालिका रूपन्देही, सूर्योदय नगरपालिका इलाम,सौराहा, चितवन, मनकामना गोर्खा,काठमाण्डौ महानगरपालिका, ललितपुर महानगरपालिका	१२५००००/-
		जम्मा रू	१४२२२३०/-

२७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष ०८१/८२ मा निम्नानुसार १०३ योजन मध्ये रू ५ लाख भन्दा कमका योजना १७ र रू ५ लाख देखि २० लाख सम्मका ७८ र २० लाख भन्दा बढीका ८ संचालन भएको देखिन्छ । गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान, आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन ।छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका

योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनुपर्दछ। साना योजना धेरै हुँदा प्रशासनिक खर्च बढ्ने, प्रतिफल नदिने, अनुगमन हुन नसकी गुणस्तरमा असर पर्ने तर्फ समेत ध्यान दिएको पाइँदैन ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	१ रु. ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या
१	पालिका स्तरीय	१०३	८	७८	१७

२८ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले बस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी र टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रू १० लाख सम्मको मालसमान खरीद कार्य सोझै गर्न सकिने, नियम ८४ मा रू १० लाख भन्दा माथि रू २० लाख सम्म सिलवन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यालय सामान, निर्माण सामाग्री ढुवानी जस्ता विभिन्न प्रकृतिका सामान सुविधाका आधारमा सोझै खरिद गरी भुक्तानी गर्ने गरेको पाइयो । माग आवश्यकता पहिचान गरी खरिद योजनामा समावेश गराई प्रतिस्पर्धी विधिबाट खरिद गर्न सकिने कार्य समेत एकै प्रकृतिका काम टुक्रा टुक्रा गरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद विधिद्वारा खरिद गरेको देखिन्छ । गाउँपालिकाले निम्न फर्म सँग कार्य तथा मालसामान खरिद गर्दा सोझै गरी रू. ५२४५८५३/- भुक्तानी गरेको छ । एकै किसिमका कार्यलाई टुक्रा पारी पटक पटक खरीद गर्ने कामलाई नियन्त्रण गर्नु पर्छ ।

गो.भौ.नं. र मिति	**आपुर्तक**	**खरिदको विवरण**	**भुक्तानी रकम**
१९-०८१/०६/१५	दि माउण्ट कैलाश सिड्स एण्ड सप्लायर्स, हुम्ला	मसलन्द तथा कार्यालय समाग्री	६१७८८४/-
२१-०८१/६/१५	दि माउण्ट कैलाश सिड्स एण्ड सप्लायर्स, हुम्ला	मसलन्द तथा कार्यालय समाग्री	७४६६६०/-
२५-०८१/०६/१५	पानस इलेक्ट्रोनिक्स हाउस, हुम्ला	मसलन्द तथा कार्यालय समाग्री	१५५९७०/-
५६१-०८२/०२/२१	पानस ट्रेड एण्ड सप्लायर्स	निर्माण सामाग्री तथा ढुवानी	१३३९८०१/-
६१३-०८२/३/४	खगालगाउँ निर्माण एण्ड ट्रेड सप्लायर्स, हुम्ला	निर्माण सामाग्री तथा ढुवानी	११५५७९३/-
६१५-०८२/३/४	खगालगाउँ निर्माण एण्ड ट्रेड सप्लायर्स, हुम्ला	निर्माण सामाग्री तथा ढुवानी	१२२९७४५//-
		जम्मा रू	५२४५८५३/-

२९ कार्यान्वयन नभएका योजना

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(३) मा खर्च गर्ने अख्तियार प्राप्त भएको रकम बजेटको परिधि भित्र रहि खर्च गर्ने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ को बजेट, नीति तथा कार्यक्रमा विकास निर्माणका योजना कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ।पालिकाले निम्न बमोजिका योजना वजेटमा व्यवस्था गरेतापनि कार्यान्वयन गर्न सकेको देखिएन।बजेट, नीति तथा कार्यक्रमा तोकिएका योजनाहरु कार्यान्वयन गरी प्रभावकारी रुपमा विकास निर्माणको कार्य गरिनुपर्दछ ।

क्र.सं.	कार्यक्रम/आयोजना	स्रोत	विनियोजन	खर्च
१	गाउँपालिका भवन निर्माण कार्यको जग्गा प्राप्ति खर्च	आन्तरिक श्रोत	१००००००००	०
२	वडा कार्यालय भवन निर्माण सिमकोट -२, हुम्ला	कर्णाली प्रदेश - समानिकरण अनुदान	६००००००	०
३	रामदेव मावि विद्ययालय जाने बाटो निर्माण।	नेपाल सरकार - समानिकरण अनुदान	५०००००	०
४	घयाङग्रा बाटो ग्यावीन वालनिर्माण	नेपाल सरकार - समानिकरण अनुदान	४०८००३	०
५	बरगाउँ घट्ट निर्माण।	नेपाल सरकार - समानिकरण अनुदान	३०००००	०
६	चाङ्गला प्रावि फर्निचर निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	२५००००	०
७	नयाँखानेपानी संरचना निर्माण निरन्तरता (सिम्लिरमा खोल्सी वडानं ८)	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत	१८०००	०
	जम्मा		**१७४७६००३**	

३० **कन्टिजेन्सि खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । यस गाउँपालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च हुँदै आएको छ । यसरी खर्च गर्दा योजना बनाई खर्च गर्नुपर्नेमा गाउँपालिकाले कन्टिन्जेन्सि योजना तयार नगरी रू. २२,५९,७२२.00 एकमुष्ट खर्च लेखेको छ । योजनागत कन्टिन्जेन्सि खर्च खाता राखेको देखिएन । कार्यालय सम्बन्धी खर्च लगायत शीर्षकमा चालु खर्च शीर्षकबाट समेत विनियोजन भै निकासा लिई खर्च गरेकोमा कन्टिन्जेन्सीबाट समेत खर्च गरेको अवस्था छ । कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सोझै बजारबाट खरिद गरी खर्च लेखेको देखिएको छ । वार्षिक खरिद योजनामा समावेश गरी नियमको प्रावधान अनुसार खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनु पर्ने उल्लेख भएकोमा सोको पालना गरेको देखिएन । निर्देशिकाको व्यवस्था पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भए नभएको यकिन गर्न सकिने अवस्था देखिएन ।निर्देशिकाको पालना गरी कन्टिजेन्सि खर्च गरिनु पर्दछ ।

३१ **ल्याव व्यवस्थापनको वजेट भवन निर्माणमा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि पुस्तिका २०८१।८२ क्रियाकलप नं ११.१.२.२९८० केन्द्रबाट छनौट भएका नमूना विद्यालयको स्वीकृत गुरूयोजना अनुरुप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन विद्यालयलाई ल्याव व्यवस्थापन गर्ने उल्लेख छ । सोही पुस्तिकाको ८.५ बुँदामा स्वीकृत विषयको अनुसार अनुदान रकम उपलब्ध गराउने ल्यावको सामाग्री खरिद विद्यालयको आवश्यकताको आधारमा सुची तयार गरि सार्वजानिक नियमावली अनुसार खरिद गर्ने उल्लेख छ । मानसरोबर माध्यमिक विद्यालयलाई ल्याव व्यवस्था गर्न रू ७२०००००।०० अनुदान दिएकोमा सो काम नगरी दश कोठे भवन निर्माणमा खर्च गरेको छ । भवन पुर्ण निर्माण नभइसकेकोले ल्याव सामानको लागि समेत भवन चाहिने हुँदा ल्वाव व्यवस्थापनमा आएको रकम भवन निर्माणमा लगाईएको र पछिल्लो समयमा ल्याव सञ्चालन हुने भन्ने पालिकाको भनाई रहेको छ । यसरी कार्यक्रम अख्तियारीमा उल्लेखित विषय बाहेकमा खर्च गरेको नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	७२,००,०००

३२ **निर्णय कार्यान्वयन**

मिति २०८१।६।११ को कार्यपालिका बैठक निर्णयमा रू. २५ लाख भन्दा बढीका योजना विशेष परिस्थिति बाहेक ठेक्का प्रकृयामा जाने निर्णय गरेको देखिन्छ । २५ लाख माथिका निम्न ७ वटा निर्माण योजना ठेक्का नलगाई उपभोक्ता समितिबाट सम्पन्न गरी रू. २८००२६५९.०० खर्च गरेको देखिन्छ ।प्रगती पनि दुई योजनाको ६० प्रतिसत न्युन रहेको देखिन्छ । निर्णयको कार्यान्वियन गरिनुपर्दछ ।

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	**स्रोत**	**विनियोजन**	**खर्च**	**खर्च (%)**	**कारण**
भोखाडा सडक निर्माण	नेपाल सरकार - समानिकरण अनुदान	७००००००.	४०२८२५६.	५७.५५	सडक चौडा गर्दा समुदायको जग्गा घर पर्ने हुदा
वडा भवन निर्माण सिमकोट -३, हुम्ला	नेपाल सरकार - समानिकरण अनुदान	६००००००.	३१५४१०६.	५२.५७	सयम अभाव
सहिद स्मृति प्रतिष्ठान भवन निर्माण	कर्णाली प्रदेश - शसर्त अनुदान चालु	५००००००.	५००००००.	१००.	उ स बाट कार्य निरन्तर हुँदा
लामा सास्कृतिक मञ्च संग्राहलय भवन निर्माण सिमकोट	कर्णाली प्रदेश - शसर्त अनुदान चालु	५००००००.	४९७६४०९.	९९.५३	लामा संस्कृति झल्कने निर्माण कार्य गर्नु पर्ने भएकोले
जिल्ला आँखा अस्पताल अप्रेसन तथा स्टाफ भवन निर्माण सिमकोट-५, हुम्ला	कर्णाली प्रदेश - शसर्त अनुदान चालु	३००००००.	२८९१९१८.	९६.४	उ स बाट कार्य निरन्तर हुँदा
जम्मा		३४३०००००.	२८००२६५९.		

३३ **स्याउ विरूवा/क्षेत्रफल कमि**

३३.१ **क्षेत्रफल मानदण्डः** परियोजना कार्यान्वियन म्यानुअल २०७७ मा पकेट विकास कार्यक्रम (४.१.४) फलफुलका लागि हिमाली क्षेत्रमा ५ हेक्टर (१०० रोपनी) कृषि योग्य जमिन चाहिने उल्लेख छ । स्थानीय तहको प्रत्येक वडामा कम्तिमा दुई वटा पकेट क्षेत्र छनौट गरी विरूवा बाली वस्तुमा कृषकको ५० प्रतिशत नगद सहभागितामा र पालिकाको ५० प्रतिशत अनुदानमा कार्यक्रम परियोजना सञ्चालन कार्यान्वियन गरिने उल्लेख छ । पालिकाले ३, ४ र ७ वडामा एक एक स्याउ पकेट क्षेत्र कायम गरी जम्मा ३ पकेट क्षेत्रका कृषकलाई ५० प्रतिशत अनुदान रू. ११३६०००।०० प्रदान गरेको देखिन्छ । पकेट क्षेत्र ५ हेक्टर हुनपर्नेमा वडा नं ३ मा १०० रोपनी हुनुपर्नेमा ४० रोपनी, वडा नं ४ मा १०० रोपनी हुनुपर्नेमा ३० रोपनी र वडा नं ७ मा १०० रोपनी हुनुपर्नेमा ३५ रोपनी मात्र क्षेत्रफल उल्लेख छ । पालिकाका ३ वटा वडा मिलाएर पकेट क्षेत्र बनाई कार्य गरेको देखिन्छ । क्षेत्रफल मापदण्ड सुनिश्चित गरी अनुदान वितरण गरीनु पर्दछ ।

३३.२ **अनुगमनः** प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजना कार्यान्वियन म्यानुअल २०७७ मा ६.२ मा अनुगमन मुल्यांकन सम्बन्धि व्यवस्था रहेको र अनुगमन गर्दा अनुसुची १९ अनुसार नियममित अनुगमन मुल्यांकन हुने उल्लेखछ । जुन उदेश्यले अनुदान उपयोग भए नभएको तथा समस्या आएमा समधान भए नभएको जस्ता विषयको अनुगमन गरी सुधार गर्नुपर्दछ । उदाहरणको रुपमा निम्नानुसारको ३ वडामा ३९०० स्याउका विरुवा मध्ये अन्तिम किस्ता दिन अघि अनुगमन निरीक्षण गर्दा रू.१०००००।०० बरावरको १००० विरुवा नभएको पाईएको उल्लेख छ । अनुदानको सहि सदुपयोगको लागि सम्बन्धित विषयको कृषकलाई तालिम तथा प्राविधिक सरसल्लाह प्रदान गरिनुपर्दछ ।विरूवा मर्ने कारण पहिचान नगरेको किसानलाई सचेतना शिक्षा प्रदान नगरेको तथा समय मै अनुगमन गरी समस्या समाधान नगरेकोले १००० विरुवा मरी सरकारी अनुदान खेर गएको अनियमित देखिएको रू.

वडा नं	शुरु विरुवा खरिद संख्या	अनुगमन पछिको विरुवा संख्या	विरुवा नभएको/मरेको	दर रू.	मुल्य रू.
वडा नं ३	१५००	१३००	२००	१००	२००००
वडा नं ४	११००	८००	३००	१००	३००००
वडा नं ७	१३००	८००	५००	१००	५००००
	३९००	२९००	१०००	१००	१०००००

अनियमित भएको	१,००,०००

३४ एक करोड माथीको लागत अनुमान

सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा एक करोड रूपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिताबाट गराउने सकिनेछ ।पानस स्मृति पार्क निर्माण कार्यको लागि रू १ करोड विनियोजन भएकोमा पानस स्मृति पार्क निर्माण उपभोक्ता समितिसँग निर्माण संझौता गरी निर्माण कार्य सम्पन्न विल पेश गरी रु ९५६७७७५।०० भुक्तानी गरेको छ । १ करोड माथीको लागत अनुमान भएको निर्माण सम्बन्धि काम बोलपत्र प्रकियाबाट गरिनुपर्दछ । समयमै वजेट प्राप्त नभएको तथा जग्गा समेत समुदायको भएको हुँदा उपभोक्ता समिति मार्फत काम गर्नु परेको भन्ने पालिकाको भनाई रहेको छ ।

विवरण	रु
मु अ कर समेत निर्माण कार्य लागत रू	८७८००००
१५ प्रतिशत ओभरहेड	१३१७०००
४ प्रतिशच कन्टिजेन्सी	३५१२००
जम्मा	१०४४८२००

३५ सामाजिक सुरक्षा भत्ता वितरण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिकाको सबै प्रमु बैंक र पालिकाबीच द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका ५ वटै वडाहरुको सामाजिक सुरक्षा विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट वितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रु. ७०५६२४६६।- बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, हुम्लाबाट बैंकलाई रु ७०५६२४६६।- निकासा दिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकामा रहेका निम्नानुसारका लाभग्राहीको नागरिकता नं., नाम तथा जन्ममिति समेत एउटै रही दोहोरो रकम बैंकमा जम्मा हुन गएको देखिएको उक्त रकम लाभग्राहीले बुझे नबुझेको वा बैंकमा नै रहेको यकिन गरि बैकमा रहेको भए संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा सम्वन्धितबाट असुल हुनुपर्ने रु.

सि.नं.	लाभग्राहीको नाम	नागरिकता नं.	जन्म मिति	त्रैमासिक	रकम निकासा भएको	बढी निकाससा
१	दा जङ्गु लमेनी	१०६८	२०४५।३।१३	पहिलो दोस्रो तेस्रो	४८०००	४८०००
	दाजाङ्गु लमेनी	१०६८	२०४५।३।१३	पहिलो दोस्रो तेस्रो	४८०००	
२	अंग बहादुर शाही	१४९५	२०१४।१।१५	पहिलो दोस्रो तेस्रो	४८०००	४८०००
	जंग बहादुर शाही	१४९५	२०१४।१।१५	पहिलो दोस्रो तेस्रो	४८०००	
	जम्मा					९६०००

प्रमाण पेश नगरेको	९६,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सिमकोट गाउँपालिका, हुम्ला , सिमकोट गाउँपालिका , हुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बर्ष बहादुर फडेरा कार्की	२०८१-१२-०१	हाल सम्म कार्यरत
लेखा प्रमुख	बिशाल बोहरा	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	७,५४५,९१७	९६,०००	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					७,६४१,९१७
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					७,६४१,९१७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३३३७७८३४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३१४७१४३०१	चालु खर्च	३२२४३३४१८
प्रदेश सरकारबाट अनुदान	५९१२४०००	पूँजीगत खर्च	१०९१४७६६४
राजश्व बाँडफाँट	८३४१८८०७	वित्तीय/अन्य व्यवस्था	१४१४८२२८३
आन्तरिक आय	४२११६९६.०		
अन्य आय	१२७७४५२१०		
कुल आय	५८९२१४०१४.०	कुल खर्च	५७३०६३३६५
बाँकी मौज्दात		४९५२८४८३	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार	
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)
	राजस्व, अनुदान र अन्य प्राप्ति					
११०००	कर	८,४३,८०,५६६.६७	०	८,४३,८०,५६६.६७	७,४४,०४,१५७.६०	०
१३०००	अनुदान	३५,२१,०१,७८६.६०	६६,८६,७९६.००	३५,८७,८८,५८२.६०	३४,३७,७१,१२०.१०	१,८८,४८,३६९.३३
१४०००	अन्य राजस्व	१४,९८,०१५.१२	०	१४,९८,०१५.१२	४८,६०,१७६.२४	०
१५०००	विविध प्राप्ति	०	०	०	६४,७०२.००	०
क	कुल जम्मा प्राप्ति	४३,७९,८०,३६८.३९	६६,८६,७९६.००	४४,४६,६७,१६४.३९	४२,३१,००,१५५.९४	१,८८,४८,३६९.३३
३	चालु	३१,५७,४६,६२२.०१	६६,८६,७९६.००	३२,२४,३३,४१८.०१	३०,९५,३९,०००.०७	८२,८२,२३०.००
२१०००	पारिश्रमिक / सुविधा	१७,५२,९०,०५६.६०	१,९९,९२१.००	१७,५४,८९,९७७.६०	१४,१०,०६,४८०.८३	४३,४६,०००.००
२२०००	मालसामान तथा सेवाको उपयोग	११,८५,९१,०५३.४१	६४,८६,८७५.००	१२,५०,७७,९२८.४१	१५,६७,३३,०२१.२४	३९,३६,२३०.००
२५०००	सहायता (Subsidy)	६,००,०००.००	०	६,००,०००.००	६५,४१,७७७.००	०
२६०००	अनुदान	२,८७,४४०.००	०	२,८७,४४०.००	०	०
२७०००	सामाजिक सुरक्षा	१,७७,९४,५०५.००	०	१,७७,९४,५०५.००	३०,७७,०७६.००	०
२८०००	अन्य खर्च	३१,८३,५६७.००	०	३१,८३,५६७.००	२१,८०,६४५.००	०
४	पूंजीगत	१०,९१,४७,६६४.००	०	१०,९१,४७,६६४.००	१३,२४,०६,५१०.४६	१,०५,६६,१३९.३३
३१११०	भवन तथा संरचना	५,२५,१४,०८१.००	०	५,२५,१४,०८१.००	२,५९,८१,८१६.००	०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१७,६६,७५६.००	०	१७,६६,७५६.००	४६,९०,४१०.२०	०
३११३०	अन्य पूँजीगत खर्च	१०,३२,१००.००	०	१०,३२,१००.००	०	०
३११५०	सार्वजनिक निर्माण	५,३०,७२,५७६.००	०	५,३०,७२,५७६.००	९,८८,९९,२९७.२६	१,०५,६६,१३९.३३
३११६०	निर्मितसरचनाको सुधार खर्च	७,६२,१५१.००	०	७,६२,१५१.००	२८,३४,९८७.००	०
ख)	कुल जम्मा भुक्तानी	४२,४८,९४,२८६.०१	६६,८६,७९६.००	४३,१५,८१,०८२.०१	४४,१९,४५,५१०.५३	१,८८,४८,३६९.३३
ग)	बचत /कमी (ग = क-ख)	१,३०,८६,०८२.३८		१,३०,८६,०८२.३८	(१,८८,४५,३५४.५९)	

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(४३,९५,६६६.४८)	२३,७०,०००.००	(२०,२५,६६६.४८)	(२७,०८,६९७.०२)	०.६५
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-१,७१५.००		-१,७१५.००	-३५,९९३.००	
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	८६,९०,४१५.९०	२३,७०,०००.००	१,१०,६०,४१५.९०	(२,१५,५४,०५१.६१)	०.६५
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	३,६७,१६,१४५.०२		३,६७,१६,१४५.०२	५,४८,९५,८९२.१५	
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन					
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४,५४,०६,५६०.९२	२३,७०,०००.००	४,७७,७६,५६०.९२	३,३३,४१,८४०.५४	०.६५

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

ऐच्छिक विषयहरु (उक्त विषयहरु लागु हुने भएमा मात्र राख्ने अन्यथा हटाउने)

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।